# नेपाल सूनचाँदी व्यवसायी महासंघको निर्वाचन सम्बन्धि आचारसंहिता - २०८१,

नेपाल सुनचाँदी व्यवसायी महासंघको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शि, बिधीसम्मत र विश्वसनिय बनाई निर्वाचनको प्रकृया सम्पन्न गर्नका लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन समिति, २०८१ बाट नेपाल सुनचाँदी व्यवसायी महासंघको निर्वाचन आचारसंहिता, २०८१ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

क) यो आचार संहिताको नाम नेपाल सुनचाँदी व्यवसायी महासंघको निर्वाचन आचार संहिता-२०८१ रहेकोछ।

ख) यो आचार संहिता तुरुन्त प्रारम्भ (लागु) हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामाः-

क) "विधान"भन्नाले नेपाल सुनचाँदी व्यवसायी महासंघको विधान, **२०६९** (संशोधन सहीत) सम्झनुपर्छ ।

ख) "विनियम"भन्नाले बिधान अन्तरगत बन्ने विनियमलाई सम्झनुपर्छ ।

ग) "महाधिवेशन" भन्नाले महासंघको बिधान बमोजिम हुने महाधिवेशन सम्झनु पर्दछ ।

घ) "निर्वाचन समिति" भन्नाले महासंघको विधानको धारा ३८ बमोजिम गठित प्रमुख निर्वाचन अधिकृत समेतको निर्वाचन समिति सम्झनु पर्छ ।

ङ) "निर्वाचन अधिकृत" भन्नाले निर्वाचन समितिका मुख्य निर्वाचन अधिकृत वा समितीका सदस्य समेतलाई जनाउनेछ ।

च) "मतदान अधिकृत" भन्नाले निर्बाचन सम्बन्धि प्रकृयामा मतदान केन्द्र र उपकेन्द्रका लागि निर्वाचन समिति वा निर्वाचन समितिले प्रदान गरेको अख्तियार बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ ।

छ) "मतदाता" भन्नाले विधानको धारा १५ तथा महासंघको कार्यसमितीले सिफारीस गरेबमोजिम योग्यता भएको, सदस्यता नवीकरण गरेको नेपाल सुनचाँदी व्यवसायी महासंघमा आवद्ध ब्यक्ति सम्झनु पर्छ ।

ज) "उम्मेदवार" भन्नाले निर्वाचनमा उम्मेदवारी दिई उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारी र सदस्यका उम्मेदवारहरुलाई सम्झनु पर्छ ।

झ) "कर्मचारी" भन्नाले महासंघको सचिवालयका कर्मचारीको साथै निर्वाचन समितिमा कार्यरत रहनेगरि महासंघको निर्वाचन अवधिभरका लागि नियुक्त गरेका अन्य कर्मचारीलाई समेत जनाउँछ ।

परिच्छेद २

## उम्मेदवारहरुले पालना गर्नु पर्ने आचरण

३. नेपाल सुनचाँदी व्यवसायी महासंघको निर्वाचनका उम्मेदवार तथा निजहरुसँग सम्बन्धित व्यक्तिहरुले निर्वाचन अभियान सञ्चालन गर्दा-गराउँदा देहायका आचरणहरु पालना गर्नु-गराउनु पर्नेछ ।

क) मानव अधिकार, कानूनी राज र स्वतन्त्रताको प्रतिकुल हुनेगरी निर्वाचन प्रचार-प्रसार गर्नु-गराउनु हुँदैन । निर्वाचन प्रचार प्रसार गर्दा कुनैपनि किसिमले भड्किलो हुने वा खर्चिलो हुनेगरि गर्न पाईने छैन ।

ख) कुनै धर्म सम्प्रदाय, जात जाति लिङ्ग, भाषा, समुदाय वा प्रदेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचनको प्रचार-प्रसार गर्नु-गराउनु हुँदैन ।

ग) उमेदवारको निजी जीवन वा पेशा ब्यावसायलाई आघात पर्नेगरि आलोचना गर्न पाईने छैन र निर्वाचन प्रचार प्रसारको क्रममा प्रयोग गरिने भाषा शिष्ट, सभ्य र मर्यादित हुनुपर्छ ।

घ) उम्मेदवार वा तिनका समर्थकहरुले अरु उम्मेदवारहरुले आयोजना गरेको कार्यक्रम वा प्रचार-प्रसारमा वाधा पुऱ्याउनु हुंदैन ।

ङ) अरु उम्मेदवारहरुलाई प्रतिकुल असर पर्नेगरी उही समय र स्थानमा कार्यक्रम गर्न/गराउन पाइने छैन ।

च) मतदान शुरु भएदेखि मतदानको काम पूरा नभए सम्म मतदान केन्द्र भित्र कुनै प्रकारले प्रचार प्रसार गर्नु-गराउनु वा पक्ष वा बिपक्षीमा मत माग्ने वा माग्न लगाउने कार्य गर्न हुँदैन ।

छ) कसैले कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, निर्वाचन समितिका पदाधिकारी, मतदान अधिकृत, निर्वाचन स्वयंसेवक, उम्मेदवार वा निर्वाचन सँग सम्बद्ध व्यक्ति, कर्मचारी वा शान्ति-सुरक्षा कायमगर्ने जम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तव्य पालन गर्नबाट बन्चित वा विचलित गर्न्नु-गराउनु हुँदैन ।

ज) कसैले पनि मतदातालाई डर-त्रास/धाक-धम्की वा प्रलोभन दिने वा धर्म भकाउने वा कसम खाने जस्ता काम गरी निजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्न्नु-गराउनु हुँदैन ।

झ) कसैले कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी कुनै उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा परोक्ष रुपबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्न्नु-गराउनु हुँदैन ।

ञ) निर्वाचन बिथोल्ने वा निर्वाचनप्रति वितृष्ण पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा न्निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्न्नु-गराउनु हुँदैन ।

ट) मतदाताहरुलाई मतदान गर्न वा मतदान गर्नबाट वन्चित गराउने अभिप्रायद्वारा कुनैपनि किसिमले अवरोध वा थुनछेक गर्न्नु-गराउनु वा उमेद्वारलाई असर पार्नेगरि प्रलोभनमा पार्न सट्टा मतदान गर्न हुँदैन ।

ठ) कुनैपनि उम्मेदवार वा निजका प्रतिनिधि वा समर्थक वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर-त्रास देखाई वा धम्की दिई वा प्रलोभनमा पारी मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मत पेटिका वा मतदान सामग्री जवर्जस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन ।

ड) मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद, जिन्सी वा कुनै पनि किसिमको दान, दतब्य वा उपहार लिनु वा दिनु हुँदैन ।

ढ) मतदातालाई प्रभावपार्ने उद्देश्यले भोज भत्तेरको आयोजना गर्न-गराउन वा मादक पदार्थको सेवन गरी निर्वाचन क्षेत्रभित्र प्रवेश गर्नु हुँदैन ।

ण) मतदातालाई प्रभाव पार्ने गरि वा निजहरुको ब्यावसायीक मर्यादा प्रतिकूल कुनै कार्य गर्न-गराउन हुँदैन ।

त) कुनै उम्मेदवारको आलोचना गर्दा त्यस्तो उम्मेदवारको प्रतिबद्धता-पत्र एवं निति तथा कार्यक्रममा मात्र सीमित रहनु पर्नेछ । ब्यक्तिगत आक्षेप, आरोप वा लाल्छना लगाउन पाईने छैन ।

थ) उम्मेदवारले आफ्ना प्रतिनिधि तथा समर्थकहरुलाई निर्वाचन सम्बन्धी आचार संहिताको पूर्ण रुपमा जानकारी गराई सोको पालना गर्न-गराउन लगाउनु पर्नेछ । आफ्ना प्रतिनिधि तथा समर्थकबाट आचारसंहिता उल्लघंन भएमा सोको जिम्मेवारी उम्मेदवार स्वयंले लिनु पर्नेछ ।

द) निर्वाचनको क्रममा निर्वाचन समिति र प्रमुखको आदेश तथा निर्देशनलाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

ध) मतदानको लागी तोकिएको क्षेत्रभित्र निर्वाचनको प्रचार-प्रसार सँग सम्बन्धित कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्न लगाउन समेत हुँदैन ।

न) मतदान प्रयोजनका लागी निर्बाचन समिती वा प्रमुखले तोकेको निर्वाचन क्षेत्र र समय भित्र कुनैपनि उमेद्वारको पक्ष वा बिपक्षमा प्रचार प्रसार गर्ने, मत माग्ने वा मतदान गर्न तथा नगर्न प्रेरीत गर्ने वा निर्बाचन समिती वा उमेद्वारलाई असर पर्ने गरि कुनैपनि कार्य गर्न पाईने छैन ।

प) निर्वाचन समिति वा निर्वाचन प्रमुखद्वारा प्रकाशित सूचना वा निर्वाचन सामग्रीलाई कसैले विगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत तुल्याउन हुँदैन ।

फ) कुनैपनि उमेदवारले प्यानल बनाउन वा आफु पनि प्यानलमा सहभागी हुन पाउने छैन ।

ब) मनोनयन दर्ता भई उमेद्वारको नामावली प्रकाशन भएदेखि निर्बाचन परिणाम घोषणा नभएसम्म कुनैपनि उमेद्वारको सम्बन्धमा मत परिणामको आंकलन गर्ने वा गर्न लगाउने, मत परिणाम सर्बेक्षण गर्ने वा गर्न लगाउन पाईने छैन ।

## परिच्छेद ३
## निर्वाचनका सबै पक्षले पालना गर्नु. पर्ने आचरण

४. <u>महासंघको निर्वाचनमा निर्वाचनका सबै पक्षले</u> देहायका आचरणहरु पालना गर्नु -गराउनु पर्नेछ -

क) मुख्य निर्वाचन अधिकृत वा निर्बाचन समिती, निर्वाचनको कार्यमा संलग्न कर्मचारी वा सुरक्षाकर्मीले आफुलाई तठस्थ राखी कुनैपनि उम्मेदवारको पक्ष वा विपक्षमा अनुकुल वा प्रतिकुल प्रभाव पार्ने कार्य गर्नु-गराउनु हुंदैन ।

ख) आचार संहिताको पालना भए/नभएको सम्बन्धमा निर्वाचन समितिले आबश्यकता अनुसार अनुगमन गर्ने गराउने छ । अनुगमनमा उमेद्वार वा निजको प्रतिनिधीबाट आचारसंहिताको प्रष्ट उलघंन भएको पाइएमा निर्वाचन समितीले तत्काल कार्बाही तथा निर्णय गरि यस्तो ब्यक्तिको उमेद्वार रद्द समेत गर्न सक्नेछ ।

ग) आचार संहिताको उल्लघंनको सम्बन्धमा उम्मेदवार वा कुनै व्यक्तिले मौखिक वा विद्युतिय संचार माध्ययमबाट निर्वाचन समिति वा प्रमुख निर्वाचन अधिकृत समक्ष जानकारी दिन सक्नेछ ।

घ) आचार संहिता उल्लघंन सम्बन्धी लिखित वा मौखिक जानकारी वा निवेदन प्राप्त भई आचार संहिता पालना नभएको वा उल्लघंन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नको लागि निर्वाचन समितिले सम्बन्धित उम्मेदवार, प्रतिनिधि, समर्थक, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्नेछ । यस्तो आदेश पालना नगरेमा निर्बाचन समिती वा मुख्य निर्वाचन अधिकृतले त्यस्तो ब्यक्तिलाई निर्बाचन स्थल छोड्ने, छोडाउने लगायतका उपयुक्त आदेश दिन सक्नेछ ।

ङ) आचार संहिता उल्लघंन भएको देखिए वा पाइएमा निर्वाचन समिति वा मुख्य निर्वाचन अधिकृतले आबश्यकता भएमा पुर्ब अध्यक्षहरु वा सुरक्षा निकायको सहयोग लिई सोको रोकथामका लागि तत्काल आबश्यक कारवाही गर्नु पर्नेछ । रोकथाम हुन नसकेमा तत्काल उपयुक्त निर्णय लिन सक्नेछ ।

च) आचार संहिता उल्लघंन सम्बन्धी कारवाहीका विवरणहरु निर्वाचन समितिले सुरक्षीत राख्नेछ ।

छ) निर्वाचन कार्यमा रहेका मतदान अधिकृत, निर्वाचन स्वयंसेवक वा कर्मचारीले आचार संहिता उल्लघंन गरेमा निर्वाचन समितीले तत्काल आबश्यक कार्बाही गर्नेछ ।

## परिच्छेद ४

## विविध

५. बन्धनकारी हुनेः निर्बाचनको काम, कार्बाही र प्रकृयाको सम्बन्धमा मुख्य निर्बाचन अधिकृत सहीतको निर्बाचन समितीले दिएको निर्णय अन्तीम र सबैका लागी बन्धनकारी हुनेछ ।

६. विधान वा विनियम बमोजिम नै हुनेः यस आचार संहिताको कुनै कुरा महासंघको विधान वा नियमावली सँग बाझिएमा सो हदसम्म आचारसंहिताको प्रावधान अमान्य भई विधान र नियम बमोजिम नै हुनेछ । तर निर्बाचन सम्बन्धी अनुशासन पालना गर्ने गराउने सम्बन्धमा यो आचार संहिता बमोजिम नै हुनेछ ।

७. बाधा अड्काउ फुकाउनेः यस आचार संहिताको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा वा आवश्यकता परेमा पुर्ब अध्यक्षहरुको सहयोग लिई निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा-अड्काउ फुकाउन सक्नेछ ।